प्रमाणित

कार्यपालिका बैठक संख्या :- ११६
बैठक मिति :- २०७८।१२।१४

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

चालु आ.ब. २०७८।०७९ को लागि सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम बाट यस इटहरी उपमहानगरपालिकाका वडा नं. ५ स्थित मदन मार्ग तथा आसपासको ड्रेन तथा सडक कालोपत्रे मर्मतका लागि छनौट गरी स्वीकृतीका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिका अर्न्तगत विभिन्न समयमा इटहरीमा रहेर इटहरीको विकास निर्माणमा सहयोग पुऱ्याउने, समाजसेवी तथा सामाजिक क्षेत्रमा अमुल्य योगदान पुऱ्याउने देहायका समाजसेवी तथा सामाजिक ब्यक्तीत्वहरुको देहायका स्थानमा शालिक निर्माण गर्ने निर्णय गरियो ।

**देहाय**

(क) संगित साधना परिसरमा स्व. राम कुमार राजधामी
(ख) इटहरी १४ स्थित वडा कार्यालय परिसरमा जग्गादाता स्व.श्री उमालाल चौधरी
(ग) इटहरी २० स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र परिसरमा जग्गादाता स्व.श्री रामलाल देवान
(घ) इटहरी ८ स्थित वडा कार्यालय परिसरमा जग्गादाता स्व.श्री शुसिल कुमार चौधरी
(ङ) इटहरी १० र ११ सिमाना गेटमा स्व.श्री विर नारायण माझी
(च) इटहरी ४ मा स्व.श्री हेमनारायण चौधरी
(छ) इटहरी ८ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्र परिसरमा जग्गादाता स्व.श्री नगेन्द्र चौधरी

**निर्णय नं. ३**

इटहरी उपमहानगपालिका कार्यालयमा मौज्दातमा रहेको जेनेरेटर वडा नं. ५ को वडा कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका अर्न्तगत इटहरी अस्पतालको पुरानो भवन भत्काउदा निस्किएको पुराना रडहरु मध्ये इटहरी ४ स्थित बुढी गंगा उत्तर पुर्व गैरी गाउँ जाने बाटोमा आर.सि.सि. ढलानका लागि ल.इ. अनुसारको र इटहरी २ स्थित भुल्के चौकमा रहेको पुल मर्मतका लागि ५ सुते रड ४.५ क्वीटल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

इटहरी उपमहानगरपालिकामा विधुत प्राविधिक जनशक्ती कम रहेको र सेन्सर लाइट (सडक वत्ति) खरिद गरी जडानका लागि कार्यालयको विधुत प्राविधिक जनशक्तीबाट मात्र वडा/वडामा जडान गर्न कठीनाई भएको हुंदा वडा/वडामा सेन्सर लाईट (सडक वत्ति) जडान गर्दा प्रति पोल १५०। का दरले ज्याला भुक्तानी दिने निर्णय गरियो ।

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

इटहरी उपमहानगरपालिका अर्न्तगत देहायका वडा तथा स्थानमा देहाय बमोजिमका कार्यहरु मर्मत सम्भार शिर्षकबाट मर्मत सम्भार गर्ने निर्णय गरियो ।

(क) कोइराला डाडाको पुल मर्मत सम्भार इटहरी-२, रु.२ लाख

(ख) इटहरी १२ स्थित टेंग्रा खोलामा प्रोटेक्सन वाल निर्माण

(ग) इटहरी १० स्थित शिवनारायण टोलमा तारजाली तथा कान्जीहाउस निर्माण

(घ) पकली चौक देखी इस्लाम मियाको घर सम्म कालोपत्रे मर्मत

(ङ) सुकुमारी बाध मर्मत सम्भार इटहरी -१

(च) आधार भुत स्वास्थ्य चौकी जाने बाटोको खोलामा तारजाली मर्मत सम्भार इटहरी -१८

(छ) वडा कार्यालय परिषर मा मिक्सगिट्टी लगाई फिलिङ्ग इटहरी - ९

(ज) वडा नं. १६ को कल्भर्ट मर्मत सम्भार १६ नम्बर जब्दी छेउमा, रु. १ लाख

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिका नगरकार्यपालिकामा पेश हुन आएका देहायका कार्यविधि, निर्देशिका, मापदण्ड र नियमावलीहरु संसोधन सहीत पास गर्ने निर्णय गरियो ।

(क) नि: शुल्क कृत्रिम गर्भाधारण कार्यक्रम सन्चालन कार्यविधि, २०७८

(ख) कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका, २०७८

(ग) गाई भैसी सुत्केरी पोषण वितरण अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७८

(घ) मत्स्य दाना उद्योग स्थापना कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८

(ङ) मत्स्य उत्पादन कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८

(च) स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्वन्धी नियमावली, २०७८

(छ) दर्ता शिविर संचालनको लागि दर्ता अपरेटर छनौट सम्वन्धी मापदण्ड,२०७८

**निर्णय नं. ८**

यस इटहरी उपमहानगरपालिकाको विभिन्न वडामा वसोवास गर्दै आएका कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८ बमोजिम नेपाल सरकारले उपलव्ध गराउने नगद हस्तान्तरणको रकम प्राप्त गर्न निवेदन पेश गरेका र सो सम्वन्धमा कसैको पनि दावि विरोध नपरेका निवेदकहरुलाई नगद हस्तान्तरण कार्यविधि,२०७८ बमोजिमको रकम उपलव्ध गराउने निणर्य गरियो ।

**निर्णय नं. ९**

आ.व. ०७८र ०७९ का लागि स्विकृत भएका देहायका योजनाहरु वडा कार्यालयको सिफारिसका आधारमा देहाय बमोजिमको संसोधन गर्ने निर्णय गरियो ।

| क.स. | स्वीकृत योजना | योजनाको प्रकार | विनियोजित वजेट | वडा नं. | संसोधन गरिएको योजनाको नाम | विनियोजित रकम | वडा नं. |
|---|---|---|---|---|---|---|---|
| १ | हाउजिङ्ग देखि वुद्ध मार्ग प्रोटेक्सन वाल | वडा | २००००० | ८ | कैलाश राई को घर दक्षिणको बाटो प्रोटेक्सन वाल | २००००० | ८ |
| २ | २०७८।१०।९ गते वसेको | | | १३ | वृद्धि घिमिरेको घर | २००००० | १३ |

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यपालिका बैठक निर्णय नं. १० सि.नं. १३ मा अम्बिका बरालको घर जाने बाटो पुर्व दक्षिण भई दोहोरिएको | | | | पश्चिम जाने बाटो | | |
| ३ | गुजेश्वर मार्ग प्रोटेक्सन वाल जागृती टोल | वडा | २००००० | ८ | हाम्रो टोल विकास संस्था आशिष मार्ग प्रोटेक्सन वाल | २००००० | ८ |
| ३ | श्री खण्ड मार्ग प्रोटेक्सनवाल जागृती टोल | वडा | २००००० | ८ | वडा स्तरीय ग्राभेल गर्ने | २००००० | ८ |
| ४ | श्याम आचार्यको घर जाने बाटोहरु दक्षिण र पश्चिम बाटाहरु | वडा | २०००००थप | १३ | उक्त बाटो ढलान | २००००० | १३ |
| ५ | बुढी पटेरुवा पैनी मर्मत सम्भार | वडा | ५००००० | ३ | उर्गेन छ्योइलिङ्ग गुम्बा मर्मत सम्भार | ५००००० | ३ |

**निर्णय नं. १०**

इटहरी उपमहानगरपालिका वडा नं. १० स्थित साविक खनार वडा नं. ३/क पुछार टेलिकम टावर छेउमा इलेक्ट्रिक गाडी कार, बस चारजिङ्ग सेन्टर स्थापना गरी संचालन गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

आगामी आ.ब. ०७८।०७९ को लागि प्रदेश समपुरक कोषबाट संचालन हुने गरी तपसिलका योजना छनौट गरी पठाउने निर्णय गरियो ।

**तपसिल**

१. माझी टोल कन्चन चोक हुदै मुसहरी मेला सम्मको (बाँकी खण्ड)ड्रेन कालोपत्रे क्रमागत, वडा नं. १

२. पकली जतपुर सडक (बाँकी खण्ड) कालोपत्रे निर्माण कार्य (१+४८६.५-२+१८६.५)

**निर्णय नं. १२**

इटहरी उपमहानगरपालिका वडा नं. ४ को मध्य भाग भई बग्ने टेग्रा खोलाले मिति २०७८ कार्तिक १ र २ गते आएको बाढीले विभिन्न स्थानमा कटान गरेको र उक्त कटान भएको स्थानमा तारजाली बुनि ढुंगा भरी बाँस बोरा सहित तटबन्धन गर्ने काममा आवश्यक पर्ने जनशक्ति प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट खर्च गर्ने गरी टेग्रा खोला नियन्त्रण कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत

CamScanner